दोश्रो वोर्ड बैठक मिति २०७३/०४/१०  गते विहान ७:०० वजे

आज मिति २०७३/०४/१०गते सोमवारका दिन धरान उपमहा नगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका  निर्णयहरु गरियो ।

उपस्थिति

श्री टीकादत्त राई - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उप-महानगरपालिका कार्यालय

आमन्त्रित उपस्थिति रेकर्ड

श्री गणेशप्रसाद खतिवडा वरिष्ठ प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा वरिष्ठ कर अधिकृत

श्री सूरज श्रेष्ठ वरिष्ठ इन्जिनियर

श्री रमेश शाह वरिष्ठ आन्तरिक लेखा परिक्षण अधिकृत

श्री भेषराज अधिकारी वरिष्ठ लेखा अधिकृत

श्री राजु पोखरेल इन्जिनियर

श्री सूनील नेपाल सामाजिक विकास अधिकृत

निर्णयहरु

निर्णय नं १ (एक) : पदपुर्ती गर्ने सम्बन्धमा

यस कार्यालयमा विगत लामो समयदेखि पदपुर्ति नभएको तर कर्मचारीहरु अनिवार्य अवकास हुने र स्वेच्छाले छाड्ने संख्या बढ्दै गएकाले कर्मचारी संख्या घट्दै गएको छ भने पाँचकन्या गा वि स र विष्णू पादुका गा वि स समेत धरानमा समायोजन भई उपमहा नगरपालिकाको कार्य क्षेत्र र सेवाग्राहीको संख्या बढेकाले सहज सहज सेवा प्रवाहमा समस्या आएकोहुँदा रिक्त रहेका तपसिलका  पदहरुमा पदपुर्ति गर्ने निर्णय गरियो ।

(क) नायब सुब्वा सहाएक स्तर (पाँचौ) प्रशासन -४ वटा

(ख) सव ईन्जिनियर सहाएक स्तर (पाँचौ) प्राविधिक सिभिल -२ वटा

(ग) खरिदार / वडा सचिव सहाएक स्तर (चौथो)अप्राविधिक -४ वटा

(घ) एसिस्टेन्ट सवईन्जिनियर सहाएक स्तर (चौथो) प्राविधिक -१ वटा

(ङ) ईलेक्टिकल एसिस्टेन्ट सवईन्जिनियर सहाएक स्तर (चौथो) प्राविधिक-१ वट

निर्णय नं २ (दुई) : जग्गा र सोमा बनेको भवन उपयोग गर्न दिने सम्बन्धमा

धरान १३ अमर सेवा समाजको भवनको पश्चिम पट्टि रहेको जग्गामा विगतमा अफिसर्स क्लव धरानलाई उपयोग गर्न दिई सो जग्गामा भवन समेत बनेको तर हाल अपिसर्स क्लवले प्रयोग नगरेको र नेपाल पत्रकार महासंघ सूनसरी शाखाले उक्त भवन प्रयोग गर्न माग गरेकाले माग बमोजिम उक्त भवन प्रयोग गर्न दिने निर्णय गरियो ।

निर्णय नं ३ (तीन ) : दस्तूर लिने सम्बन्धमा

धरान उपमहा नगरपालिकाले संचालन गरेको नगर सूचना केन्द्रमा ईन्टरनेटको समेत ब्यबस्था मिलाईएकोले सेवाग्राहीलाई आबश्यक परेको विषयहरुलाई अपलोड गरी प्रिन्ट गर्न परेमा प्रति पन्ना (page )रु ५ का दरले र कम्प्युटरमै बसी कार्य गर्न परे प्रति घण्टा रु१०(दश) का दरले दस्तुर लिने निर्णय गरियो ।

निर्णय नं ४ (चार ) : नऔं राष्टिय सूचना दिवस २०७३ मनाउने सम्बन्धमा

यहि मिति २०७३।०५।०५ गते शुक्रबारका दिन नऔं राष्टिय सूचना दिवस २०७३ मनाउन सो दिन सूचनाको हकको प्रचलन र सोमा रहेको चुनौतीहरु विषयमा एक कार्यपत्र तयार गरी सो उपर छलफल गर्न सरोकारवालाहरुलाई आमन्त्रण गरी एक गोष्ठि कर्यक्रमको आयोजना गर्ने साथै सो कार्यक्रमको ब्यबस्थापकिय खर्चहरु कार्यपत्र तयारी, सहभागीहरुलाई खाजा तथा खाना खर्च , लगाएतका ब्यबस्थापकिय खर्च नगरपालिकाले ब्यहोर्ने निर्णय गिरयो ।

आजको वोर्ड वैठक विहान ९:३०वजे समापन गरियो ।

माईन्युटकर्ता : भक्तिराज शर्मा,सुचना अधिकृत,धरान उपमहा नगरपालिका